**November 14, 2025**

**यो आकाशवाणी हो।**

**सुरुमा प्रमुख समाचार**

1. राष्ट्रपतिले बाल दिवसका अवसरमा बालबालिकाहरूसँग गर्नुभयो अन्तरक्रिया

२. प्रधानमन्त्री भोली गुजरात भ्रमणमा जानुहुने

३. बिहार विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन एनडीए भारी जितका साथ अगाडि

४. उपराष्ट्रपतिले सी.आई.सी साझेदारी शिखर सम्मेलन २०२५ को गर्नुभयो उद्घाटन

५. विदेशमन्त्री जी-७ विदेशमन्त्रीहरूको बैठकमा सहभागी

**Pez-Children Day**

राष्ट्रपति द्रौपदी मुर्मुले आज बाल दिवसको अवसरमा राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा विभिन्न विद्यालय र संस्थाका बालबालिकाहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले बालबालिका देशका भविष्य हुन् र उनीहरूलाई आत्मविश्वासी र जिम्मेवार नागरिक बनाउनु महत्त्वपूर्ण छ भन्नुभयो। साथै, राष्ट्रपतिले बालबालिकाहरूसँग  खुसीका क्षणहरू पनि साझा गर्नुभयो।

**PM-Gujarat Visit**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि गुजरात भ्रमणमा जानुहुनेछ। उहाँले सुरतमा निर्माणाधीन बुलेट ट्रेन स्टेशनको भ्रमण गर्नुहुनेछ र मुम्बई-अहमदाबाद हाई-स्पीड रेल करिडोरको प्रगतिको समीक्षा गर्नुहुनेछ। उहाँ डेडियापाडामा धरती आबा भगवान बिरसा मुण्डाको १५० औँ जन्मजयन्ती समारोहमा सहभागी हुनुहुनेछ। यस अवसरमा, उहाँले ९ हजार ७०० करोडभन्दा बढी मूल्यका विभिन्न पूर्वाधार र विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ र भेलालाई सम्बोधन गर्नुहुनेछ। साथै, प्रधानमन्त्रीले जनजाति आदिवासी न्याय महा अभियान र धरती आबा जनजाति ग्राम उत्कर्ष अभियान अन्तर्गत निर्मित १ लाख घरहरूको गृहप्रवेश समारोहमा भाग लिनका साथै आदिवासी क्षेत्रहरूमा सम्पर्क बढाउन ७४८ किलोमिटर नयाँ सडकहरू र सामुदायिक केन्द्रहरूका रूपमा सेवा पुर्‍याउने १४ आदिवासी बहु-बजार केन्द्रहरूको पनि शिलान्यास गर्नुहुनेछ।

**Bihar-Election**

बिहार विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन, NDA ले भारी जित हासिल गरिरहेको छ। अहिलेसम्म घोषणा भएका ६७ नतिजामध्ये ५९ सिट उसको पक्षमा गएको छ भने महागठबन्धनले छ सिट जितेको छ। दुई सिट OPP को पक्षमा गएको छ। अहिलेसम्म प्राप्त नतिजाअनुसार NDA २०४ सिटमा अगाडि छ। महागठबन्धन कुल ३३ सिटमा अगाडि छ। अन्य उम्मेदवारहरू छ सिटमा अगाडि छन्, जसमा

AIMIM पाँच र बहुजन समाज पार्टी एक सिटमा अगाडि छन्।

**By-Election**

सात राज्यका आठ निर्वाचन क्षेत्रमा भएको विधानसभा उपचुनावमा कांग्रेसले दुई सिट जितेको छ, भाजपाले एक सिट जितेको छ र एउटामा अग्रता लिएको छ। आम आदमी पार्टी र मिजो नेशनल फ्रन्टले एक-एक सिट जितेका छन् भने झामुमो र पीडीपीले एक-एक सिटमा अग्रता लिएका छन्।

**VP-CII Summit**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज आन्ध्र प्रदेशको विशाखापट्टनममा ३० औँ सी.आई.आई साझेदारी शिखर सम्मेलन २०२५ को उद्घाटन गर्नुभयो। उपराष्ट्रपतिले कार्यक्रममा बोल्दै भारत द्रुत गतिमा समृद्ध राष्ट्रको रूपमा उदाइरहेको अनि विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा रहेको र एक प्रमुख स्टार्टअप हबक ा रूपमा विकास भइरहेको बताउनुभयो। उहाँले विश्वका लगानीकर्ताहरूलाई भारत र आन्ध्र प्रदेशमा लगानीका अवसरहरूको फाइदा उठाउन आग्रह पनि गर्नुभयो।

**Jaysankar-G 7**

विदेशमन्त्री डा. एस. जयशंकर क्यानडामा सम्पन्न जी-7 विदेशमन्त्रीहरूको बैठकमा सहभागी हुनुभयो। जी-7 विश्वका अग्रणी औद्योगिक देशहरूको समूह हो, जसको वर्तमान अध्यक्ष क्यानडा हो। यसअवधि उहाँले धेरै देशका विदेशमन्त्रीहरूसँग भेट गर्नुभयो। उहाँले क्यानडाका विदेशमन्त्री अनिता आनन्द, अमेरिकी विदेशमन्त्री रुबियो, युक्रेनका विदेशमन्त्री आन्द्रेई सिबिहासित भेट गर्नुभयो। साथै, उहाँले विदेश मामिलाका लागि युरोपेली संघका उच्च प्रतिनिधि काजा कालास, फ्रान्सेली विदेशमन्त्री जीन नोएल ब्यारोट र जर्मन विदेशमन्त्री जोहान वाडेफुलसँग रणनीतिक साझेदारीका बारेमा अनि बेलायत, साउदी अरेबिया, ब्राजिल, मेक्सिको र दक्षिण अफ्रिकाका विदेशमन्त्रीहरूसँग द्विपक्षीय सम्बन्ध र अन्तर्राष्ट्रिय मुद्दाहरूबारे छलफल गर्नुभयो।

**SIR**

निर्वाचन आयोगले आज जानकारी गराए अनुसार नोभेम्बर ४ मा विशेष गहन संशोधन SIR चरण-२ अभ्यास सुरु भएदेखि मतदाताहरूलाई ४६ करोडभन्दा बढी मतगणना फारमहरू वितरण गरिएको छ। यो यस चरणमा समेटिने कुल ५१ करोड मतदाताको ९१ प्रतिशत हो। उत्तर प्रदेशमा १३ करोड ७४ लाखभन्दा बढी फारमहरू वितरण गरिएको छ। पश्चिम बंगालमा लगभग ७.५ करोड फारमहरू वितरण गरिएको छ। दोस्रो चरणमा, निर्वाचन आयोगले नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा SIR सुरु गरेको छ। हालको गणना फारम वितरण चरण डिसेम्बर ४ सम्म जारी रहनेछ।

**PM-Kisan**

प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको १९ तारिख प ीएम-किसान योजनाको २१ औँ किस्ता जारी गर्नुहुनेछ। यस किस्तासँगै, योजना अन्तर्गत प्रत्यक्ष स्थ ानान्तरण ३ लाख ७० हजार करोड रुपियाँ नाघेको छ, जसले देशभरिका ११ करोडभन्दा बढी किसान परिवारलाई फाइदा पुऱ्याएको छ। कृषि तथा किसान कल्याण मन्त्रालयले किसानहरूलाई थप सहयोग गर्न, बहुभाषिक एआई-सञ्चालित किसान-ईमित्र च्याटबोटले ११ क्षेत्रीय भाषाहरूमा चौबिस घण्टे सहायता प्रदान गर्ने जनाएको छ। सरकारले सबै सामाजिक कल्याणकारी लाभहरूको वितरणलाई सुव्यवस्थित गर्न, बारम्बार कागजी कार्यहरू हटाउन र अन्तिम-माइल कभरेज सुनिश्चित गर्न किसान रजिस्ट्री पनि सुरु गरेको छ।

**Mandavia**

केन्द्रीय मन्त्री डा. मनसुख मान्डवीयले आज राजकोट रेलवे स्टेशनबाट राजकोट र पोरबन्दरबीचको विशेष रेलको उद्घाटन गर्नुभयो। श्री मान्डवीय गुजरातको दुईदिने भ्रमणमा हुनुहुन्छ। उहाँले राजकोट र पोरबन्दरबीचको दुई नयाँ लोकल रेलले सौराष्ट्र क्षेत्रको विकासलाई अझ तीव्र बनाउने र यात्रुहरूलाई सुविधा प्रदान गर्ने बताउनुभयो।

**Medical Inflation**

अर्थ मन्त्रालयले आज बीमा कम्पनीहरूलाई सेवाको उच्चतम मापदण्ड निर्धारण गर्न आग्रह गरेको छ। मन्त्रालयले भनेको छ, पलिसीधारकहरूका लागि चाँडो अस्पताल भर्ना र बिल भुक्तानी प्रक्रियाहरू सुनिश्चित गरिनुपर्छ। नयाँ दिल्लीमा बीमा कम्पनीहरू र स्वास्थ्य सेवा प्रदायकहरूको बैठकको अध्यक्षता गर्दै, वित्तीय सेवा विभागका सचिव एम. नागराजुले चिकित्सा मुद्रास्फीति र बढ्दो प्रिमियम लागतबारे छलफल गर्नुभयो। उहाँले स्वास्थ्य बीमा पलिसीधारकहरूका लागि राम्रो मूल्य सुनिश्चित गर्न अस्पतालहरू र बीमा कम्पनीहरूबीचको सहकार्य आवश्यक छ भन्नुभयो।

**PIB-Fackt Check**

सरकारले सामाजिक सञ्जालमा फैलिएको एउटा भिडियोको खण्डन गरेको छ, जसमा केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले सजिलो आम्दानी प्रदान गर्ने लगानी प्लेटफर्मको प्रचार गरिरहेको दाबी गरिएको छ। पत्र सूचना कार्यालाय, PIB को तथ्य-जाँच एकाइले उक्त भिडियो नक्कली र डिजिटल रूपमा हेरफेर गरिएको बताएको छ। सरकारले यस्तो कुनै पनि प्लेटफर्मलाई समर्थन नगर्ने पनि बताएको छ। सरकारले नागरिकहरूलाई यस्ता धोखाधडीपूर्ण गतिविधिहरूबाट सावधान रहन आग्रह गरेको छ र त्यस्ता समाचारको शिकार नहुन अनि यसको विश्वसनीयता प्रमाणित गरेपछि मात्र कुनै पनि जानकारी साझा गर्न आग्रह गरेको छ।

**Livelihood Fair**

दिल्लीको भारत मण्डपममा आयोजित ४४ औँ विश्व व्यापार मेलाले फेरि सरस आजीविका मेला २०२५ आयोजना गर्दै छ। केन्द्रीय ग्रामीण विकास मन्त्रालयद्वारा आयोजित यस मेलामा देशभरका हतकर्घा र हस्तकलाका वस्तुहरू प्रदर्शन गरिएका छन्। नोभेम्बर २७ सम्म चल्ने यस मेलामा झारखण्ड, कर्नाटक, लद्दाख र राजस्थान सहित ३१ राज्यहरू सहभागी छन्। १५० भन्दा बढी स्टलहरूमा ३०० भन्दा बढी महिला शिल्पकारहरूले प्रदर्शनी गर्नेछन्।

**Archery**

भारतको पुरुष रिकर्भ टोलीले ढाकामा सम्पन्न एसियाली आर्चरी च्याम्पियनसिपमा स्वर्ण पदक जितेको छ। भारतीय आर्चरी संघका अनुसार यशदीप भोगे, अतनु दास र राहुलको भारतीय टोलीले उत्कृष्ट प्रदर्शन गर्दै कोरियालाई ५-४ ले पराजित गरेको छ। यसअघि हिजो भारतले कम्पाउन्ड इभेन्टमा तीन स्वर्ण र दुई रजत पदक जितेको थियो। आजको जितसँगै भारतले अब चार स्वर्ण र दुई रजत पदक जितेको छ।

**अन्त्यमा प्रमुख समाचार पुनः एकपटक**

1. राष्ट्रपतिले बाल दिवसका अवसरमा बालबालिकाहरूसँग गर्नुभयो अन्तरक्रिया

२. प्रधानमन्त्री भोली गुजरात भ्रमणमा जानुहुने

३. बिहार विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन एनडीए भारी जितका साथ अगाडि

४. उपराष्ट्रपतिले सी.आई.सी साझेदारी शिखर सम्मेलन २०२५ को गर्नुभयो उद्घाटन

५. विदेशमन्त्री जी-७ विदेशमन्त्रीहरूको बैठकमा सहभागी